नेपाल सरकार
गृह मन्त्रालय

# नेपाल प्रहरी प्रधान कार्यालय
## केन्द्रीय अनुसन्धान ब्यूरो
(प्रशासन शाखा)

फोन: ०१-४४११७७६
मोबाईल नं.: ९८५१२८३१४०
फ्याक्स : ०१-४४१४३९१

पो.ब.नं.४०७
**महाराजगञ्ज, काठमाडौं ।**
**मिति:** २०७९/०८/१६ गते ।

## प्रेस विज्ञप्ती- २९
### “वैंकिङ् कसूर मुद्दाका फरार प्रतिवादी पक्राउ”

प्रतिवादी नारायण सिंह बरालले मिति २०७७/१२/०५ गते हिमालयन वैंक लिमिटेड, डिल्लीबजार शाखामा रहेको निजको नामको खाताबाट रकम भुक्तान हुने भनी उक्त बैंक खातामा पर्याप्त मौज्दात रकम नभएको भन्ने जानी-जानी जाहेरवालालाई झुक्यानमा पारी दिएको चेकको रकम भुक्तान हुन नसकेको ठहर गर्दै सम्मानित उच्च अदालत पाटनले वैंकिङ् कसूर मुद्दामा प्रतिवादी नारायण सिंह बराललाई बैंकिङ् कसूर तथा सजाय ऐन २०६४ बमोजिमको कसूरमा १० (दश) दिन कैद र रु. ३०,००,०००/- (तीस् लाख रुपैंया मात्र) जरिवाना हुने ठहर गरेकोमा यस केन्द्रीय अनुसन्धान ब्यूरोबाट फैसला कार्यान्वयन तथा फरार प्रतिवादीहरुको खोजतलास एवं पक्राउको लागी परिचालित टोलीले निजलाई आज मिति २०७९/०८/१५ गते, जिल्ला काठमाडौं का.म.न.पा. वडा नं. ३०, डिल्लीबजारबाट पक्राउ गरी फैसला कार्यान्वयनको लागि सम्मानित भक्तपुर जिल्ला अदालतमा पेश गरेकोमा सम्मानित अदालतबाट कैद भुक्तानको लागि आजै कारागार कार्यालय सुन्धारा, काठमाडौंमा पठाईएको ब्यहोरा सूचित गरिन्छ।

**पक्राउ प्रतिवादी:**



| | |
|---|---|
| **नाम, थर:** | नारायण सिंह बराल |
| **उमेर:** | ५३ बर्ष |
| **ठेगाना:** | जिल्ला सिन्धुली, सुनकोशी गा .पा. वडा नं. ६ घर भई हाल जिल्ला काठमाडौ, का. म. न.पा. वडा नं.३०, डिल्लीबजार बस्ने |
| **मुद्दा:** | वैंकिङ्ग कसूर |
| **सजाय:** | रु. ३०,००,०००/- जरिवाना र १०(दश)दिन कैद |
| **फैसला मिति:** | २०७९/०५/०७ गते |
| **फैसला गर्ने** | उच्च अदालत पाटन |
| **पक्राउ मिति:** | २०७९/०८/१५गते |
| **पक्राउ स्थान:** | जिल्ला काठमाडौ, का. म. न.पा. वडा नं. ३०, डिल्लीबजार |

**प्रवक्ता तथा सूचना अधिकारी**
**(कमल थापा)**
**प्रहरी उपरीक्षक**
**सम्पर्क: ९८५१२९१३११**